लुम्बिनी साँस्कृतिक नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ | संख्याः ११ | मितिः २०७६/०४/२२

## लुम्विनी साँस्कृतिक नगरपालिका
## रुपन्देहीद्वारा प्रकाशित

## लुम्विनी साँस्कृतिक नगरपालिका
# स्थानीय विकास कोष

### लुम्बिनी, रुपन्देही ५ नं. प्रदेश

(२०७५ साल चैत्र १५ गतेको कार्यपालिकाको बोर्ड बैठकबाट स्वीकृत)

२०७६/०४/२२ गतेको चौथो नगर परिषद्वाट संशोधन सहित पारित

Scanned with CamScanner

**प्रस्तावना**

स्थानीय तहमा सामाजिक परिचालनको माध्यमबाट विपन्न तथा विकासको मूल प्रवाहबाट पछाडी परेका नागरिकहरुलाई उनीहरुको काम, कर्तव्य, हक, अधिकारका बारेमा चेतनशिल गराई मुलुकको बिद्यमान सम्पूर्ण आर्थिक सामाजिक संरचनालाई बिकासको मूलधारमा ल्याउन र नागरिकको आवाज एवम मागलाई सम्वोधन गर्दै सेवा प्रवाहलाई समावेशी, उत्तरदायी एवं जवाफदेही बनाउन सरकारी, नीजि तथा समुदायमा आधारित संघ संस्थाहरु समेतको सहकार्यमा स्थानीय तहको गरिबी न्यूनीकरण र दिगो विकासको अवधारणालाई संगठन, बचत, शीपको माध्यमबाट संस्थागत गर्दै सम्बृद्ध नेपाल निर्माण गर्ने कार्यमा सहयोग पुऱ्याउन विद्यमान अवस्थाको सामाजिक परिचालन कार्यलाई व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गर्दै लुम्बिनी सांस्कृतिक नगरपालिकाको नगर सभाले २०७५ चैत्र १५ गतेको कार्यपालिकाको बोर्ड बैठकबाट स्वीकृत स्थानीय विकास कोष संचालन कार्यविधिमा सामान्य परिवर्तन गरि मिति २०७६/०४/२२ गते पारित गरि यो ऐन जारी गरिएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यो ऐनको नाम लुम्बिनी साँस्कृतिक नगरपालिकाको स्थानीय विकास कोष (संचालन कार्यविधि) ऐन २०७६ रहेको छ।

ख. यो संचालन कार्यविधि ऐन तुरुन्त लागु हुनेछ।

**२. परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

क. नगरपालिका भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकालाई सम्झनु पर्दछ।

ख. नगरसभा भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको नगर सभा सम्झनु पर्दछ।

ग. नगर कार्यपालिका भन्नाले लुम्बिनी साँस्कृतिक नगर कार्यपालिका सम्झनु पर्दछ।

घ. अध्यक्ष (नगर प्रमुख) भन्नाले नगरपालिकाको अध्यक्ष (नगर प्रमुख) लाई सम्झनुपर्छ।

ङ. प्रमुख प्रशासकीय अधिकृत भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

च. सामुदायिक संस्था भन्नाले वडाका वस्ती स्तरमा महिला/पुरुष समूहहरु छुट्टा छुट्टै वा मिश्रित रुपमा संगठित भएको समूहलाई सम्झनुपर्छ । यसलाई संक्षिप्तमा सा.स. भनिने छ।

छ. 'अ.मे.भेला' भन्नाले वडा स्तरमा वा वडामा गठित सामुदायिक संस्थाका अध्यक्ष



Scanned with CamScanner

मेनेजरहरुले संचालन गर्ने भेलालाई सम्झनुपर्छ।

ज. 'समिति' भन्नाले नगरपालिका स्तरीय र वडा स्तरीय उप-समितिलाई सम्झनुपर्छ।

झ. 'अ.मे.' भन्नाले वडास्तरमा गठित सा.स.को अध्यक्ष मेनेजरलाई सम्झनु पर्दछ।

ञ. 'सदस्य' भन्नाले सा. स.का सदस्यलाई सम्झनु पर्दछ।

ट. 'स्थानीय तह' भन्नाले नगरपालिकालाई सम्झनु पर्दछ।

ठ. 'जि.स.स.' भन्नाले जिल्ला समन्वय समितिलाई सम्झनु पर्दछ।

ड. 'पदाधिकारी' भन्नाले नगरपालिकाका पदाधिकारीलाई सम्झनु पर्दछ।

ढ. 'स्थानीय विकास कोष' भन्नाले नगरपालिकाका वडाहरुमा संचालित साविक जिल्ला विकास समिति स्थानीय विकास कोषद्वारा हस्तान्तरित कोष सहितको संस्था गाउँ विकास कार्यक्रमलाई सम्झनु पर्दछ।

ण. 'न.पा.' भन्नाले नगरपालिकालाई सम्झनुपर्छ।

त. 'स्थानीय सेवा प्रदायक' भन्नाले स्थानीय तहमा रहेका सरकारी तथा गैर सरकारी संस्था वा संम्झौता गरी सम्बन्धित वडा समिति तथा अन्य क्षेत्रमा सामाजिक परिचालनको कार्य गर्ने संस्थालाई सम्झनुपर्छ।

थ. 'सामाजिक परिचालन' भन्नाले आम नागरिकहरुलाई समूहमा संगठित गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा सशक्तिकरणका माध्यमबाट उनीहरुको व्यक्तिगत पारिवारिक तथा सामाजिक जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रक्रियालाई जनाउँछ।

**३. ऐनको उद्देश्य :**

क. सामाजिक परिचालन कार्यलाई व्यवस्थित गर्ने।

ख. स्थानीय तहमा सामाजिक परिचालन कार्यको प्रयोगमा एकरुपता ल्याउने।

ग. सामाजिक परिचालनको क्षेत्रमा साझा अवधारणा बनाउने।

घ. साविक जि.वि.स. स्थानीय विकास कोषबाट संचालनमा रहेको सामुदायिक विकास कोषलाई नगरपालिकामा आन्तरीकरण गरि सामाजिक विकास कोषहरुको एकिकरण गर्ने।

ङ. स्थानीय स्तरमा उपलब्ध श्रोत र साधनको समुचित रुपमा परिचालन गर्ने सक्षम नेतृत्वको विकास गर्ने।

च. सामुदायिक संस्थामा संकलित बचत सामुदायिक संस्थाहरु बीच कार्यगत समन्वय, वित्तीय अनुशासन र स्थानीय विकास कोषको दक्षता अभिवृद्धि गर्ने पक्षहरुमा केन्द्रित भई परिचालन गर्ने।

छ. संगठन, बचत र सीपको अधिकतम प्रयोग गरी नागरिकहरु विशेष गरी विपन्न वर्गको विकासको लागि विद्यमान, आर्थिक, सामाजिक, सांस्कृतिक तथा अन्य



Scanned with CamScanner

संरचनागत अवरोधहरु हटाई नागरिकहरुको जीवनस्तर माथि उठाउने।

ज. समुदायहरुलाई आपसी सदभाव मेलमिलाप र सहयोगबाट सामाजिक पुँजी निर्माण गरी आफ्ना समस्याहरु समाधान गर्न सक्षम गराई समाजमा सहिष्णुता बढाउने।

झ. विद्यमान अवस्थामा साविकका गा.वि.स.हरु (हालका न.पा.का वडाहरुमा) साविक गाउँ विकास कार्यक्रमलाई स्थानीय विकास कोष मार्फत संचालित सामाजिक परिचालन कार्यक्रमलाई पूर्ण रुपमा व्यवस्थित गर्ने।

ञ. स्थानीय विकास कोष कार्यक्रम संचालन नभएका वडाहरुमा क्रमशः संचालन गर्दै जाने।

## परिच्छेद -२
## सामाजिक परिचालन प्रक्रिया सम्बन्धि व्यवस्था

**४. सामाजिक परिचालन प्रक्रिया :**

सामाजिक, आर्थिक रुपमा पछि परेका नागरिक तथा समुदायहरुलाई स्थानीय स्तरका निर्णय प्रक्रियामा सकृय रुपमा सहभागी गराई सार्वजनिक श्रोत, साधन, सेवा र अवसरहरुमा समतामूलक पहुँच स्थापित गरि नागरिकहरुको जिवनस्तरमा सुधार ल्याउन निम्न प्रकृया अवलम्वन गरिने छ।

क. स्थानीय विकास कोष हस्तान्तरित कार्यक्रम नगरपालिकाको आफ्नो कार्यक्रम भएकोले हरेक वडा बस्तीहरुका क्रमशः विस्तार गरिनुका साथै हाल स्थानीय तहमा संचालन हुँदै आएका तथा भविष्यमा संचालन हुने सम्पूर्ण सरकारी तथा गैरसरकारी संघ संस्थाहरुलाई स्थानीय विकास कोष कार्यक्रमसंग समन्वय गरी संचालन गर्ने व्यवस्था मिलाईने छ।

ख. स्थानीय विकास कोषमा आवद्ध सदस्यहरुमा संगठन, वचत, सीप सहित सामाजिक रुपान्तरण प्रक्रियालाई अगाडि बढाउँदै लगिने छ।

ग. सामुदायिक संस्थाहरुलाई परिपक्वता हासिल गरे पश्चात यी सा.स.हरुलाई सहकारीमा रुपान्तरण हुन प्रोत्साहित गरिनेछ।

## परिच्छेद -3
## संस्थागत अवस्था

**५. सामाजिक परिचालन समिति :**

सामाजिक परिचालनको कामलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउनका लागि नगरपालिकाका प्रमुखको संयोजकत्वमा देहाय अनुसार सामाजिक परिचालन



Scanned with CamScanner

समिति गठन गरिने छ। समितिले सामाजिक परिचालनको कार्यमा संलग्न रहेका संस्थाहरुलाई सामाजिक परिचालनको विधि र प्रक्रियामा प्रष्टता ल्याउन, उनीहरुको क्षमता विकास गर्ने यी निकायहरु बीच समन्वयात्मक रुपमा सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गराउन स्थानीय तहलाई आवश्यक सुझाव सहित नीतिगत समन्वय गर्नेछ।

(१) सामाजिक परिचालन समितिको गठन देहाय बमोजिम हुने छ :

| | | |
|---|---|---|
| (क) | लुम्बिनी सांस्कृतिक नगरपालिकाका नगर प्रमुख | अध्यक्ष-१ |
| (ख) | लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत | सदस्य-१ |
| (ग) | अ.मे. भेलाबाट छनोट भै कम्तीमा १ महिला र २ पुरुष प्रतिनिधि | सदस्य- ३ |
| (घ) | महिला बालबालिका, कृषि/पशु शाखाका प्रतिनिधि १/१जना | सदस्य- २ |
| (ङ) | नगरपालिकाको मेलमिलाप लैंगिक समानता तथा सामाजिक समावेशीकरण समितिबाट प्रतिनिधि | सदस्य-१ |
| (च) | सामाजिक परिचालक | सदस्य सचिव -१ |

(२) नगरपालिका स्तरमा सामाजिक परिचालनको काम गर्ने अन्य निकाय वा संस्थाहरुले यस कार्यक्रमसंग निकटतम सहकार्य र कार्यगत तालमेल गर्नु ती संस्थाहरुको कर्तव्य हुनेछ। यसरी सहकार्य तथा साझेदारीमा काम गर्ने संघ सस्थाका प्रतिनिधिहरुलाई सामाजिक परिचालन समितिको बैठकमा आमन्त्रित गर्न सकिने छ।

(३) सामाजिक परिचालन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

१. सामाजिक परिचालन समितिको समन्वय नगर क्षेत्रमा नगरपालिका वा अन्य निकायद्वारा संचालित सामाजिक परिचालन सम्बन्धि कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गर्ने, सुझाव दिने तथा सामाजिक परिचालनसंग सम्बन्धित स्थानीय स्तरका नीति नियमहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने।

२. नगरपालिका र अन्य विभिन्न संघ संस्थाहरुद्वारा संचालित सामाजिक परिचालन कार्य विच समन्वय गर्ने र सो को चौमासिक र वार्षिक प्रतिवेदन नगरपालिका पठाउने।

३. जीविकोपार्जन सुधार कार्यक्रमको नियमित रुपमा अनुगमन गरी सुझाव तथा पृष्ठपोषण गर्ने।

४. सामाजिक परिचालन कार्यान्वयन कार्यतालिका तयार गर्ने र सो अनुसार काम भए नभएको यकिन गर्ने र कार्यतालिका अनुसार काम नगरेको पाईएमा सम्बन्धि पक्षलाई कार्यक्रम संचालन नगर्न सुझाव दिने/सचेत गराउने।



Scanned with CamScanner

५. जीविकोपार्जन सुधार कार्यक्रमको नियमित रुपमा अनुगमन गरी सुझाव तथा पृष्ठपोषण गर्ने।

६. वडाहरुमा रहेका अ.मे. भेला वडा समितिको नियमित अनुगमन तथा मूल्यांकन गर्ने।

७. अ.मे. भेला वडा समितिबाट प्राथमिकरण भई पेश हुन आएका कार्यक्रम हरुलाई प्रकृयागत रुपमा योजना तर्जुमा समिति हुँदै नगर परिषद्मा पेश गर्न सहयोग गर्ने।

८. नगरपालिका स्तरमा सामाजिक परिचालन सम्वन्धि अन्य क्रियाकलापहरु गर्न सम्बन्धित निकायलाई सहयोग पुऱ्याउने।

९. सामाजिक परिचालन एवं स्थानीय विकास कोष मार्फत भए गरेका कामको अनुगमन र मूल्यांकन नगरपालिकाको निर्देशनमा सामाजिक परिचालन समितिले गर्नेछ। र त्यसको प्रतिवेदन अर्धवार्षिक रुपमा नगरपालिकामा बुझाउनु पर्नेछ।

## परिच्छेद-४
## कोष स्थापना र संचालन सम्बन्धित व्यवस्था

**६. स्थानीय विकास कोष स्थापना र संचालन:**

क. नगरपालिका स्तरमा एउटा स्थानीय विकास कोष स्थापना गरिनेछ।

ख. स्थानीय विकास कोषमा देहाय अनुसारको रकम रहने छ:

१. प्रत्येक वर्ष नगरपालिकाले नगरसभाबाट विनियोजित रकम र कार्यक्रम संचालन गर्न छुट्याईएको सम्पुरक कोष (Matching Fund)।

२. साविकका सामुदायिक विकास कोषमा रहेको लगानी एवं वैंकमा रहेको बचत र सो रकमबाट आर्जन भएको ब्याज रकम।

३. सरकारी तथा गैरसरकारी संघ संस्था एवं अन्य निकायबाट सामाजिक परिचालन सम्बन्धि कार्यक्रम संचालनका लागि प्राप्त रकम।

४. जिल्ला समन्वय समितिबाट प्राप्त घुम्तिकोष र अन्य रकम।

५. कोष स्थापना हुनु अघि सामुदायिक विकास कोषमा रहेको रकम यसै कोष मार्फत भएको मानिनेछ।

६. कोषको लेखापरीक्षण नगरपालिका र अन्य कोष खाता संचालनका लागि बनेको स्थानीय सरकार आर्थिक प्रशासन ऐन तथा नियमावलीले व्यवस्था गरे अनुसार नै हुनेछ।

७. स्थानीय विकास कोषमा देहाय बमोजिमका खाता रहनेछन:

(क) कार्यक्रम संचालन खाता



Scanned with CamScanner

(ख) ऋणपूँजी (घुम्तिकोष) खाता
(ग) कर्मचारी कल्याण कोष खाता

७. स्थानीय विकास कोष कार्यक्रम लागु भएको वडाका अतिरिक्त नगर कार्यपालिकाको निर्णयमा अन्य वडामा समेत कार्यक्रम विस्तार गर्न सकिनेछ।

८. स्थानीय विकास कोषमा लगानीमा रहेको घुम्ति कोषको परिचालनबाट प्राप्त भएको ब्याजलाई शतप्रतिशत मानी सो को अधिकतम ३० प्रतिशत रकम कर्मचारी कल्याण कोषमा जम्मा गरिनेछ। बाँकी रहेको ७० प्रतिशत मध्ये ४० प्रतिशत कोष वृद्धि र ३० प्रतिशत प्रशासनिक खर्चमा खर्च गरिनेछ।

९. स्थानीय विकास कोषमा कार्यरत जनशक्ती, कोषको सम्पुर्ण नगद, जिन्सी, लगानीमा रहेको सम्पूर्ण रकम तथा चल अचल सम्पत्ति समेत स्वतः नगरपालिकाको हुनेछ।

## ७. कोष सञ्चालन प्रकृया:

१. स्थानीय विकास कोषले सामुदायिक संस्थाहरुलाई अधिकतम १२ प्रतिशत बार्षिक ब्याजदर कायम गरि ऋणपुंजी (घुम्तिकोष) थोकमा लगानी गर्न सक्नेछ। सामुदायिक संस्थाले ऋणको अधिकतम १० प्रतिशत ब्याज र २ प्रतिशत सेवा शुल्क वापत गरि कूल १२ प्रतिशत रकम नबढ्ने गरि कोष लाई बुझाउनेछ।

२. कोषले ऋणपूँजी (घुम्तिकोष) उपलब्ध गराउनु पूर्व प्रत्येक सा.स. संग ऋण लगानीका शर्तहरु, ऋण रकमको सीमा, ऋण लगानीको प्रकृया, ब्याज दर, सेवा शुल्क, हर्जाना, ऋण रकमको सदुपयोग, ऋण रकमको अनुगमन, ऋण असुली प्रकृया र ऋण चुक्ता गर्ने जवाफदेहीता उल्लेख गरि सम्झौता वा साझेदारीको सहमती पत्र सम्पन्न गर्नु पर्दछ। ऋण पूँजी (घुम्तिकोष) लगानीको प्रस्ताव तथा आवेदन पत्रको ढाँचा अनुसुची- १ वमोजिम हुनेछ।

३. नगर क्षेत्र भित्रका सामुदायिक संस्थाहरुलाई कोषबाट ऋण उपलब्ध गराउन सम्बन्धित वडा कार्यालयको सिफारिसमा ऋण लगानी गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ।

(क) अध्यक्ष/मेनेजरहरु मध्येबाट स्थानीय विकास कोष समितिले तोकेको — संयोजक - १
(ख) सम्बन्धित संस्थाको अध्यक्ष — सदस्य - १
(ग) सामाजिक परिचालक — सदस्य सचिव - १

४. उपदफा ३ बमोजिमको समितिले देहायका आधारमा ऋण लगानी गर्न

सिफारिस गर्नेछ :

(क) वडा कार्यालयको सिफारिस

(ख) सम्बन्धित संस्थाको निर्णय प्रतिलिपी

(ग) जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी,

(घ) जग्गाधनी दर्ता प्रमाण पुर्जा नभएमा सम्बन्धित संस्थाका ३ जना सदस्यको धन जमानी,

(ङ) नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी,

५. सामुदायिक संस्थाले कोषलाई बुझाउनु पर्ने साँवा, ब्याज र सेवा शुल्क तोकेको समयमा नबुझाएमा भाखा नाघेको मितिले ऋण रकमको २ प्रतिशत थप दस्तुर लिईनेछ।

६. सामुदायिक संस्थाले कोषबाट लिएको रकम आवेदनमा तोकिएका आफ्ना सदस्यहरुलाई ऋण लगानी गरि ऋणको साँवा, ब्याज, सेवा शुल्क र हर्जाना तिर्नुपर्ने भए सो समेत संस्थालाई चुक्ता नगरी संस्थाले ऋण रकम ब्याज र सेवा शुल्क र हर्जाना समेत कोषलाई समयमै चुक्ता नगरेमा प्रचलित कानुन बमोजिम असुल उपर गरिनेछ।

७. कोषले सामुदायिक संस्थालाई र सामुदायिक संस्थाले आफ्ना सदस्यहरुलाई ऋण लगानी गर्दा गरिबीको वर्गिकरणको आधारमा बिपन्न वर्ग र पिछडिएका महिला, पुरुषलाई प्राथमिकता दिनु पर्नेछ।

**८. ब्याज, सेवा शुल्क र हर्जाना मिनाहा दिन सक्ने :**

१. प्राकृतिक प्रकोप, महामारी, दुर्घटना, कडा रोग वा अन्य यस्तै असाधारण परिस्थितिले गर्दा ऋण लिई गरेको काम सफल हुन नसकि ऋणको साँवा रकम समेत घाटा हुन गएको र सो कारणले गर्दा ऋणीले सामुदायिक [illegible]लाई ऋण चुक्ता गर्न नसक्ने परिस्थिति श्रृजना भएको कुरामा [illegible]मुदायिक संस्था विश्वस्त भई सर्वसम्मतीबाट निर्णय गरि ऋणीको ब्याज, सेवा शुल्क र हर्जाना वापतको रकम मिनाहा दिन अध्यक्ष मेनेजर भेलाबाट सिफारिस गरि कोषलाई निवेदन गरेमा समितिले निर्णय गरी ऋणीको ऋण रकमको ब्याज, सेवा शुल्क र हर्जाना पुरै वा आंशिक रुपमा मिनाहा दिने वा नदिने आवश्यक छानविन गरी निर्णय गर्न सक्नेछ।

२. उपदफा (१) बमोजिम ब्याज, सेवा शुल्क र हर्जाना मिनाहाको लागि ऋणीले सामुदायिक संस्थालाई आफ्नो लगानीमा घाटा हुन गएको आधार र कारण समेत उल्लेख गरी ब्याज, सेवा शुल्क र हर्जाना मिनाहा पाउन आफ्नो आर्थिक अवस्था समेत उल्लेख गरी निवेदन दिनु पर्नेछ।

३. उपदफा (२) बमोजिम ऋणीले सामुदायिक संस्थामा ऋण रकमको ब्याज,



Scanned with CamScanner

सेवा शुल्क र हर्जाना मिनाहाको लागि निवेदन दिई सामुदायिक संस्था तथा अध्यक्ष मेनेजर भेलाबाट कोषमा सिफारिस भएपछि ऋण लगानी समितिले स्थलगत निरीक्षण गरी ऋणीको आर्थिक अवस्था र लगानी गरेको उद्यम आयोजनाको वारेमा दिएको प्रतिवेदनको आधारमा समितिले मिनाहा दिने वा नदिने निर्णय गर्न सक्नेछ।

४. उपदफा (३) बमोजिम कोषले मिनाहा दिने निर्णय गरेमा सो निर्णयको जानकारी सम्बन्धित वडा कार्यालय, नगर कार्यपालिका र सम्वन्धित अध्यक्ष मेनेजर भेलालाई दिनु पर्नेछ।

## ९. कर्मचारी कल्याण कोष :

१. जिल्ला समन्वय समिति स्थानीय विकास कोषबाट हस्तान्तरण भई नगरपालिका स्थानीय विकास कोषमा कार्यरत कर्मचारी सेवा निवृत्त भएमा वा अवकास हुँदा उपदान लगायतका सुविधाहरु उपलब्ध गराउन एक कर्मचारी कल्याण कोष स्थापना गरिनेछ।

२. उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ।

(क) जिल्ला समन्वय समितिबाट हस्तान्तरण भई आएको कर्मचारी कल्याण कोषको रकम,

(ख) नगरपालिकाबाट कर्मचारी कल्याण कोषको लागि विनियोजित प्रत्येक बर्ष कम्तिमा १ महिनाको तलव बराबरको रकम,

(ग) स्थानीय विकास कोषमा लगानीमा रहेको घुम्तिकोषबाट प्राप्त ब्याज आम्दानीको अधिकतम ३० प्रतिशत रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम,

३. अवकास हुँदाको वखत उपरोक्त कोषको रकमले नखामेमा उपदफा (२) को खण्ड (ग) बमोजिमको रकममा यो ऐन जारी हुनु अघिको ब्याज रकम बाटै निर्णय अनुसार थप गरी भुक्तानी गर्न सकिनेछ।

४. कर्मचारी कल्याण कोषको संचालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

## १०. स्थानीय विकास कोषको सचिवालय स्थान :

कोषको सचिवालय नगर कार्यपालिकाको भवन भित्र वा कार्यपालिकाले तोकेको स्थानमा हुनेछ। कोषको काम कारवाहीमा कोषको छुट्टै छाप हुनेछ। संस्थाले कोषको निर्णयानुसार व्यक्ति सरह चल-अचल सम्पत्ति खरिद गर्न र ऋण लिन/दिन सक्नेछ। तर संस्थागत ऋण लिंदा/दिंदा नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ।

## ११.स्थानीय विकास कोष सञ्चालक समितिको गठन :

१. सामाजिक परिचालनको कामलाई प्रभावकारी रुपमा नियमित सञ्चालन गर्न सामुदायिक संस्थाका प्रतिनिधिबाट देहाय बमोजिमको स्थानीय विकास कोष सञ्चालन समिति गठन गरिने छ।

(क) सामुदायिक संस्थाका अ.मे.को बैठकबाट छनोट गरिएको १ जना - अध्यक्ष

(ख) सामुदायिक संस्थाका अ.मे.को बैठक बाट छनोट गरिएको १ जना - उपाध्यक्ष

(ग) अ.मे. भेलाबाट छनोट दलित, जनजाती, मुस्लिम, अन्य लक्षित वर्ग मध्ये कम्तिमा २ महिला सहित प्रतिनिधि - सदस्य- ५

(घ) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक सदस्य -१

(ङ) सामाजिक परिचालक सदस्य सचिव -१

२. अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला अनिवार्य हुनु पर्नेछ।

३. यसरी गठन गरिएको स्थानीय विकास कोष सञ्चालक समितिको पदावधि ३ बर्षको हुनेछ।

४. कार्यक्रम सञ्चालनको सहजताको लागि अ.मे. भेलाबाट उप-समिति बनाई कार्यक्रम संचालन गर्न सकिनेछ।

## १२. समितिको बैठक र बैठक भत्ता :

(क) समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ।

(ख) समितिको बैठक अध्यक्षले बोलाउने छ र अध्यक्षले तोकेको मिति, समयमा बैठक बस्नेछ।

(ग) समितिको बैठक निर्णय सामान्यतया सर्वसम्मत रुपमा हुनेछ र सो हुन नसकेमा सदस्यको बहुमतबाट निर्णय पारित हुनेछ।

(घ) समितिले कुनै व्यक्ति, पदाधिकारी वा विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ। आमन्त्रित व्यक्ति वा सदस्यले आफ्नो धारणा राखे पनि मतदान गर्ने अधिकार हुने छैन।

(ङ) समितिका पदाधिकारी तथा आमन्त्रित सदस्यहरुले बैठकमा उपस्थित हुँदा यातायात खर्च वापत रु. ५००/- पाउनेछन्।

(च) कोषका सदस्यहरु व्यक्तिगत वा सामुहिक रुपमा स्थानीय विकास कोष र नगरपालिका प्रति उत्तरदायी हुनेछन्।

नगरपालिका स्तरमा सामाजिक परिचालनको काम गर्ने अन्य निकाय वा संस्थाहरुले यस कार्यक्रमसंग निकटतम सहकार्य र कार्यगत तालमेल गर्नु ती संस्थाहरुको कर्तव्य हुनेछ । यसरी सहकार्य तथा साझेदारीमा काम गर्ने संघ संस्थाका प्रतिनिधिहरुलाई सामाजिक परिचालन समितिको बैठकमा आमन्त्रित गर्न सकिने छ।



Scanned with CamScanner

## १३. स्थानीय विकास कोष सञ्चालन समितिको काम कर्तव्य र अधिकार :

क. सामुदायिक संस्थाहरुलाई संगठन, बचत र शीपको माध्यमबाट सशक्तिकरण प्रदान गर्ने विभिन्न प्रकृतिका सेवाहरु र सो बारे जानकारी लिने, संरक्षणका कामहरु गर्ने ।

ख. वातावरण, विपद, जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तनको जोखिम पहिचान गर्ने र पूर्व सतर्कता अपनाउने ।

ग. स्थानीय आवश्यकता अनुसारको कृषि, पशुपालन तथा अन्य आय-आर्जन सम्बन्धी शीप तथा विकास योजना तयार गर्ने ।

घ. नागरिकताको प्रमाण-पत्र, जन्म, मृत्यु, विवाह, बसाई सराई आदि जस्ता व्यक्तिगत घटना दर्ता गर्न उत्साहित गर्ने ।

ङ. जातीगत भेदभाव, बालविवाह, अनमेल विवाह, बोक्सी, धामी, झाँक्री, जुवा, तास, निरक्षरता, दहेजप्रजा, छुवाछुत तथा महिला विरुद्ध हिंसा , बालश्रम, बालहिंसा जस्ता सामाजिक विसङ्गतिहरु बारे छलफल चलाउने र समाजबाट हटाउन पहल गर्ने ।

च. आफ्नो वस्ती तथा समुदायलाई खुल्ला दिशामुक्त बनाउने , वातावरण तथा घर वरपर सरसफाई राख्न पहल गर्ने ।

छ. प्राकृतिक प्रकोप, (भुकम्प, बाढी, पहिरो, आँधिवेरी, आगलागी, सितलहर) बारे पूर्व सतर्कता अपाउने र त्यसबाट बच्ने उपायहरु बारे छलफल गर्ने ।

ज. बाल अधिकार, महिला अधिकार संरक्षणबारे कार्य गर्ने ।

झ. जातीगत एवं सामाजिक सद्भाव बढाउने ।

ञ. बालबालिकालाई बालविकास केन्द्र, विद्यालय भर्ना, विद्यालयमा निरन्तर हाजिरी, बाल क्लवमा सहभागी गराउने ।

ट. ५ वर्षमुनिका सबै बालबालिकाहरुलाई समयमै खोप लगाउने, गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा लगेर सुत्केरी गराउने चेतना अभिवृद्धि गर्ने ।

ठ. सीप विकास, आयआर्जन तथा जीवीकोपार्जन सहयोग कार्यक्रम संचालनको लागि विभिन्न सरकारी, गैरसरकारी तथा नीजि संघ संस्थाहरुसंग समन्वय गर्ने, पैरवी गर्ने र स्रोत जुटाउने ।

ड. सामुदायिक संस्थाहरुलाई परिपक्व बनाई सरकारी तथा संस्थागत विकास एवं रोजगारी प्रवर्धनमा प्रत्यनशील रहने ।

ढ. यसरी गठन गरिएका सामुदायिक संस्थाहरुका सदस्यहरुको आर्थिक विकास एवं रोजगारी सहितको जीवीकोपार्जनका लागि घुम्तीकोष उपलब्ध गराईने ।

ण. घुम्तीकोष विउपुँजीबाट देहाय अनुसारका कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु संचालन तथा कार्यान्वयन गर्न प्रोत्साहित गरिनेछ :

- व्यवसायिक वा सामुदायिक खेती/पशुपालन



Scanned with CamScanner

- कबुलियती बन व्यवस्थापन, गैरकाष्ठ वन पैदावार उत्पादन र प्राकृतिक स्रोतमा आधारित आर्जन तथा लघु उद्यम विकास।
- रोजगारीमुलक र उत्पादकत्व बढाउने विभिन्न किसिमका शीपमुलक कार्य।
- आय र उत्पादन वृद्धि गर्ने ग्रामीण प्रविधि विकास तथा प्रयोग।
- वैकल्पिक उर्जा सोलार, बायोग्यास, ब्रिकेट/सुधारिएको उन्नत चुल्हो।
- आयमुलक कार्यक्रम वा लघु उद्यम विकास।
- साना सिंचाई, आरन, शिल्पकला, लुगा कटाइ, सिलाइ, बुनाई आदि
- सहकारी पसल, खुद्रा पसल, बुटिक, बाँस मुढा, टिका, चुरा ढकिया, फूलखेती, तरकारी खेती, नगदेवाली, पशुपालन आदि।

## परिच्छेद-५

### १४. कर्मचारी सम्बन्धी व्यवस्था :

१. स्थानीय विकास कोषको गठन, सञ्चालन र सहजीकरण गर्ने, सामुदायिक संस्थाहरु र तिनीहरुको क्षमता विकासका कामहरु गर्ने, अनुगमन र सामाजिक उत्तरदायित्व सम्बन्धि कार्यहरुमा स्थानीय विकास कोषलाई आवश्यक समन्वय, सहयोग गर्न एक जना सामाजिक परिचालक रहनेछ। र आवश्यकता अनुसार थप कर्मचारी राख्न सकिनेछ।

२. यो ऐन निर्माण हुँदाको बखत जिल्ला समन्वय समिति, स्थानीय विकास कोषबाट हस्तान्तरण भै आएका कार्यरत सामाजिक परिचालकलाई नै यस सम्बन्धि कामको लागि जिम्मेवारी दिईनेछ। निज अवकास भए पश्चात नगरपालिकाले प्रचलित कानून बमोजिम पदपूर्ती गर्नेछ।

३. कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धमा नगरपालिकाको पद, श्रेणी/तह मिल्ने अन्य कर्मचारी सरह हुनेछ।

४. कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धमा स्थानीय विकास कोष (स्थापना र सञ्चालन) विनियमावली, २०५९ को दफा १४ बमोजिमको कर्मचारीको योग्यता, अयोग्यता, शैक्षिक योग्यता र सेवा शर्त सम्बंधि व्यवस्था लागु गर्न बाधा पर्ने छैन।

५. स्थानीय विकास कोष अन्तर्गत सामाजिक परिचालनमा अविच्छिन्न रुपमा कार्यरत सामाजिक परिचालकले २० बर्ष सेवा अवधि पुरा गरी वा अन्य कारण बाट सो अवधि नपुग्दै सेवाबाट अवकास हुन चाहेमा वा स्वेच्छाले राजिनामा दिएमा साविक स्थानीय निकायका स्थायी कर्मचारीहरुले पाए सरहको संचित



Scanned with CamScanner

बिदाको रकम, औषधी उपचारको रकम र उपदानको रकम बराबर हुने रकम एकमुष्ट रुपमा स्थानीय विकास कोषको कर्मचारी कल्याण कोषको रकमबाट सेवा निवृत्त हुने कर्मचारीलाई भुक्तानी गर्न सकिनेछ।

**१५. सामाजिक परिचालकको काम, कर्तव्य र जिम्मेवारी:**

प्रमुख प्रशासकीय अधिकृतको सामान्य निर्देशनमा रही,

क. स्थानीय विकास कोषको गठन, संचालन र सहजीकरण गर्ने, सामुदायिक संस्थाहरु परिचालन र तिनीहरुको क्षमता विकासका कामहरु गर्ने, नागरिक अनुगमन र सामाजिक उत्तरदायित्व सम्बन्धि कार्यहरुमा सामुदायिक विकास कोषलाई सहयोग गर्ने।

ख. अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग निकटतम समन्वय र सम्बन्ध विस्तार गर्ने।

ग. सामुदायिक संस्थाहरुको वार्षिक लेखापरीक्षण गराउन सहयोग गर्ने।

घ. सामुदायिक विकास कोषको वार्षिक लेखापरीक्षण गराउने।

ङ. सामुदायिक विकास कोष र गठित सा.स.हरुको बराबर निरीक्षण तथा अनुगमन गरिरहने।

च. सामाजिक विकाससंग सम्बन्धित क्षेत्रमा नगरपालिका तथा वडा कार्यालयको काममा सहयोग गर्ने।

छ. नगरपालिकाको वस्तुस्थिति विवरण तयार गर्न सहयोग गर्ने।

ज. स्थानीय आवश्यकता तथा प्राथमिकताको पहिचान तथा योजना तर्जुमाका लागि सरोकारवालाहरुलाई आवश्यक सूचना तथा विवरण उपलब्ध गराउने।

झ. लैङ्गिक उत्तरदायी योजना तर्जुमा कार्यान्वयन र अनुगमन गर्न सहयोग गर्ने।

ञ. नागरीक अनुगमनको लागि सामुदायिक विकास कोषको क्षमता अभिवृद्धि गर्ने।

ट. नगरपालिकाको सामाजिक विकास शाखाबाट हुने अन्य कार्यहरु गर्ने।

**१६.बाधा अड्काउ फुकाउ, परिमार्जन, संशोधन र खारेजी सम्बन्धि व्यवस्था:**

१. यस ऐनको कार्यान्वयनको क्रममा अप्ठेरो परेका विषयवस्तुलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले निर्णय गरी परिमार्जन तथा संशोधन गरी फुकाउन सक्नेछ।

२. यस अघि सामुदायिक विकास कोषसंग सम्बन्धित कामहरु यसै ऐन अनुसार भए गरेको मानिनेछ।



Scanned with CamScanner

अनुसुची– १
(दफा ७ को उपदफा २ संग सम्बन्धित)

# लुम्बिनी साँस्कृतिक नगरपालिका
# स्थानीय विकास कोष
लुम्बिनी, रुपन्देही

मिति :

सामुदायिक संस्थाको नाम :-

दर्ता मिति :-

परिपक्वता भएको मिति :-

अध्यक्ष, मेनेजर भेलाबाट सिफारिस मिति :-

## ऋणपुंजी (घुम्तिकोष) माग प्रस्ताव तथा आवेदन

१) ....................जिल्ला...............................न.पा. ...................................................
सामुदायिक संस्थाका सम्पूर्ण सदस्यहरुको मिति.......................मा बसेको......... औं बैठकबाट सर्वसम्मतिले निर्णय भए अनुसार तपशिल बमोजिमका सदस्यहरुलाई क्र.सं......देखि.......सम्मको उद्यम विकास आयोजना/आयआर्जन कार्यक्रम सञ्चालन गर्नको लागि रु......................अक्षरेपी.........................................................
ऋणपुंजी (घुम्तिकोष) स्थानीय विकास कोषबाट उपलब्ध गराईदिन यो निवेदन गरेका छौं।



Scanned with CamScanner

| क्र सं. | ऋणपुँजी माग गर्ने सदस्यको नाम थर | लिङ्ग | उद्देश्य | जम्मा रकम | | ऋण चुक्ता गर्ने अवधि | किस्ता रकम | ऋणीको आर्थिक अवस्था | पिता/ पति वा पत्नीको नाम | निवेदकको सही | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समूहको लगानी | आवश्यक ऋण माग | | | | | हस्ताक्षर | रेखात्मक | |
| | | | | | | | | | | | दाँया | बाँया |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |



Scanned with CamScanner

२) मिति ..........................सम्म संस्थाको वित्तीय विवरण यस प्रकार रहेको छ।

(क) बैंकमा रहेको रकम :-......................

(ख) लगानीमा रहेको रकम :-......................

(ग) नगदमा रहेको रकम :-......................

(घ) कूल वचत रकम :-......................

३) मिति......................सम्मको ऋणपुँजीको स्थिति यस प्रकार छ :

| उद्देश्य | सदस्यहरुको संख्या | | | जम्मा लगानी रु. | असुली हुनुपर्ने मिति पुगेको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | पूर्ण उपयोग भएको | आंशिक उपयोग भएको | दुरुपयोग भएको | | | |
| कृषि | | | | | | |
| व्यापार | | | | | | |
| पशुपालन | | | | | | |
| अन्य | | | | | | |

अध्यक्षको नाम :- दस्तखत :

मेनेजरको नाम : दस्तखत :

४) सामाजिक परिचालकको नाम :- दस्तखत :

मिति :-

५) वडा कार्यालयको सिफारिस :-

.........................................................सामुदायिक संस्थाले प्रस्ताव गरेको ऋणपुंजी घुम्तीकोष रकम रु.................अक्षरेपी..................................................... उपलब्ध गराउन सिफारिस गरिन्छ।

वडा अध्यक्षको नाम :- श्री.................................................. दस्तखत:

वडा नं.:................ मिति :-

६) स्थानीय विकास कोष समितिको सचिवालय, लेखा शाखा:-

यस सचिवालयको लेखा शाखामा रहेको अभिलेख अनुसार उल्लेखित सामुदायिक संस्थाले तिर्नुपर्ने कुनै पनि बाँकी रकम देखिँदैन।



Scanned with CamScanner

७) सामुदायिक संस्थाका सदस्यहरुको प्रतिवद्धता :-

हामी ............................................................ सामुदायिक संस्थाका तपसीलका सदस्यहरुले यो प्रतिवद्धता जाहेर गर्दछौं कि ऋण आवेदक सदस्यहरुले माग गरे अनुसारको रकम स्थानीय विकास कोषबाट लगानी भई भाखा भित्र नतिरेमा हामीहरु दामासाहीले पर्न आउने रकमको साँवा ब्याज स्थानीय विकास कोषलाई बुझाउनेछौं। यदि नबुझाएमा यसै करारलाई आधार मानी हाम्रो जायजेथाबाट प्रचलित कानून अनुसार असूल उपर गरेमा हाम्रो मंन्जुर छ भनि दस्तखत गरिदियौं।

| क्र.स. | नाम, थर | पद | उमेर | हस्ताक्षर | ल्याप्चे | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | दाँया | बाँया | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |
| १३ | | | | | | | |
| १४ | | | | | | | |
| १५ | | | | | | | |
| १६ | | | | | | | |
| १७ | | | | | | | |



Scanned with CamScanner

८) स्थानीय विकास कोषः-

(क) सामुदायिक संस्थाको खाता अध्ययन गर्दा वचत तथा ऋण परिचालन साथै ऋणपुंजी विवरण सन्तोषजनक/असन्तोषजनक देखिन्छ।

(ख) लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.....को ............................................ सामुदायिक संस्थालाई उल्लेखित शर्त र भुक्तानी कार्यक्रमको आधारमा ऋणपूँजी (घुम्तिकोष) रकम रु.................अक्षरेपी.................................... उपलब्ध गराउन मनासिब छ।

लगानी गरिने मिति :......................

ऋण चुक्ता गर्ने मिति :.....................

भुक्तानी कार्यक्रम तालिका मिति

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मिति | | | | | | |
| साँवा रकम | | | | | | |
| ब्याज | | | | | | |
| सेवा शुल्क | | | | | | |
| हर्जाना | | | | | | |
| कुल जम्मा | | | | | | |

९) स्थानीय विकास कोष/ऋण स्वीकृत उप-समितिको निर्णय :-

जिल्ला रुपन्देही लुम्बिनी साँस्कृतिक नगरपालिका अन्तरगतको.............................. सामुदायिक संस्थाबाट माग भै आएको रु...............अक्षरेपी.......................... ..................................माथी उल्लेखित शर्तहरु बमोजिम उपलब्ध गराउन समितिको मिति..................मा बसेको बैठकले निर्णय गरे अनुसार स्वीकृत गरिएको छ।

<u>सचिव</u>

स्थानीय विकास कोष

दस्तखत :..................

मिति :.....................

<u>अध्यक्ष</u>

स्थानीय विकास कोष

दस्तखत :..................

मिति :.....................



Scanned with CamScanner